बैठक संख्या : ०५

आज मिति २०८२ साल कार्तिक १५ गते शनिवार विहान ८:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविंन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री थमन बहादुर रेश्मी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री लिला बल्लव भट्टराई | वडा सदस्य |
| श्री सुरेन्द्र पोखरेल | सहायक लेखा अधिकृत |
| श्री सन्तोष सुवेदी | सहायक कम्प्यूटर अधिकृत |

**निर्णय नं १ :** विहादी गाउँ कार्यपालिकाले यसअघि गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८२।०७।१४ गतेको बैठकबाट आगलागिजन्य विपद्को कारण घर तथा गोठमा पूर्ण क्षति भई निवेदन पेश गरेका व्यक्तिहरुको ठुलो मात्रामा क्षति भई विहादी गाउँपालिकाको विपद् राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५ बमोजिमको राहत रकम न्यून भएको भनि थप रहत उपलब्ध गराउन यस विहादी गाउँ कार्यपालिकामा पेश भएकोले देहाय बमोजिमका व्यक्तिहरुलाई कार्यविधिले तोकेको राहत रकम सहित देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय :**

| क्र.स. | व्यक्तिको नाम थर | ठेगाना | उपलब्ध गराउने राहत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | विकास श्रेष्ठ | विहादी १, बाच्छा | १,००,०००/- | घर तथा गोठमा आगलागिका कारण पूर्ण क्षति भएको तथा गोठमा रहेका ३ वटा पाडा, २ वटा बाख्रा र २ कुखुरा जलेर मरेको । |
| २ | खोवनाथ शर्मा ज्ञवाली | विहादी ३, रानीपानी | २०,०००/- | |
| ३ | राधाकृष्ण न्यौपाने | विहादी ४, वहाकीठाँटी | ३५,०००/- | |

**निर्णय नं. ३ :** मिति २०८२ कार्तिक ११ गते देखि निरन्तर परिरहेको बर्षाका कारण मौसमजन्य विपद् बाट धान बालिमा भएको क्षतिको स्थलगत निरिक्षण गरि यथार्थ विवरण संकलन गर्ने काम भईरहेकोले क्षतिको पूर्ण विवरण संकलन भए पश्चात अर्को कार्यपालिका बैठकको निर्णयानुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँ कार्यपालिकाको कार्यालय परिसरमा ब्याडमिन्टन कोर्ट तथा मञ्च निर्माण गर्नुपर्ने भएकोले प्राविधिक स्टिमेट अनुसार निर्माण गर्ने निर्णय गरियो ।